# क्षीरेश्वरनाथ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
महेन्द्रनगर, धनुषा
मधेश प्रदेश, नेपाल


पत्र संख्या : २०८०।०८१
चलानी नं. : ४५

मिति : २०८०।०९।२३

**विषय : कार्यक्रममा विद्यार्थीहरु सहभागी गराईदिनु हुन ।**

श्री सार्वजानिक, निजी तथा धार्मिक विद्यालयहरु, सबै,
क्षीरेश्वरनाथ नगरपालिका, धनुषा ।

प्रस्तुत विषयमा यस नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाको आयोजना तथा तोकिएका विद्यालयहरुको समन्वयमा देहाय अनुसारको स्थान, मिति र समयमा तपसिलमा उल्लेखित कार्यक्रमहरु सचालन गरिने भएकोले यस नगरपालिका अन्तर्गत संचालित तहाँ विद्यालयहरुलाई तोकिए बमोजिमका विद्यार्थीहरुलाई सहभागिताको लागि पठाई दिनु हुन अनुरोध छ ।

**तपसिल**

**१. कार्यक्रमको विवरण, स्थान, मिति र समय देहाय अनुसार हुनेछ ।**

| क्र.सं. | कार्यक्रमको नाम | स्थान, मिति र समय | कैफियत |
|---|---|---|---|
| १. | नगर स्तरीय अन्तर आधारभूत तह हाजिरी जवाफ प्रतियोगिता | **स्थान** : श्री दुर्गा तुलसी आधारभूत विद्यालय दुर्गाटोल<br>**मिति** : २०८० माघ १८ गते विहिवार<br>**समय** : विहान ११:०० बजे | |
| २. | नगर स्तरीय अन्तर माध्यमिक तह हाजिरी जवाफ प्रतियोगिता | **स्थान** : श्री राष्ट्रिय माध्यमिक विद्यालय सखुवाबजार<br>**मिति** : २०८० माघ १९ गते शुक्रवार<br>**समय** : विहान ११:०० बजे | |
| ३. | नगर स्तरीय अन्तर विद्यालय वक्तृत्वकला प्रतियोगिता | **स्थान** : श्री राष्ट्रिय माध्यमिक विद्यालय सखुवाबजार<br>**मिति** : २०८० माघ २६ गते शुक्रवार<br>**समय** : विहान ११:०० बजे | |

२. विद्यार्थी सहभागिताको लागि सम्बन्धित विद्यालयहरुले प्रतियोगिता संचालन हुनु भन्दा कम्तिमा २ दिन अगाडी e-Mail वा Whats app मार्फत सहभागिताको जानकारी गराउनु पर्नेछ ।
३. प्रतियोगितामा सम्वन्धित तहमा अध्ययनरत विद्यार्थीहरुको मात्र सहभागिता गराउनु पर्नेछ ।
४. प्रत्येक प्रतियोगिता कार्यक्रममा १ छात्रा सहित २ जना विद्यार्थीलाई मात्र सहभागी गराउनु पर्नेछ ।
५. नगर स्तरीय वक्तृत्वकला प्रतियोगिताको माध्यम भाषा नेपाली र विषय **"क्षीरेश्वरनाथ नगरपालिकाको विकासमा नागरिकको भूमिका"** हुनेछ ।
६. सवै सार्वजानिक विद्यालयहरुको उपस्थिति अनिवार्य छ ।
७. कार्यक्रम संचालन हुने दिन सहभागी विद्यार्थीको साथमा प्रतिनिधी शिक्षक तोकिएको समय भन्दा आधा घण्टा अगाडी नै तोकिएको स्थानमा पुग्नु पर्नेछ ।
८. हाजिरी जवाफका प्रश्नहरु सम्वन्धित तहका विषयगत ज्ञान, IQ र समसामयिक खण्डवाट रहनेछन् साथै यस सम्वन्धि अन्य व्यवस्था कार्यक्रम संचालनको समयमा जानकारी गराइनेछ ।
९. यस सम्वन्धि अन्य व्यवस्था आयोजकले निर्धारण गरे अनुसार हुनेछ ।

२०८०।०९।२३
शिक्षा अधिकृत
दिपक खत्री
शिक्षा अधिकृत

**वोधार्थ**

श्री सूचना तथा प्रविधि शाखा, क्षी.न.पा. धनुषा : पत्र वेवसाइटमा अपलोड गरिदिनु हुन ।


Email : kshireshwornathmun@gmail.com, Web : kshireshwornathmun.gov.np, Phone : 041-540077